**मिति २०८०/११/१४ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. खोलाहरुको आईइइ प्रस्तुती तथा स्वीकृती सम्बन्धमा ।

२. "घ" वर्गको इजाजत पत्र प्रदान सम्बन्धमा ।

३. विशेष अनुदान तर्फको योजना छनौट सम्बन्धमा ।

४. अख्तियारबाट प्राप्त सुझाव सम्बन्धमा ।

५. गौरवको आयोजनालाई नदिजन्य पदार्थ उपलब्ध गराउने सम्बन्धमा ।

६. नदी तथा खोलाको नदिजन्य पदार्थ ठेक्का व्यवस्थापन गर्ने सम्बन्धमा ।

७. मगर दिवस विदा सम्बन्धमा ।

८. मानव अधिकार समन्वय समिति समेतका समिति गठन सम्बन्धमा ।

९. विविध सम्बन्धमा ।

**बैठकका निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्र भित्र पर्ने तपशिल बमोजिमका खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र विक्री गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन सम्बन्धि कार्य गर्न यस कार्यालय र लुम्बिनी सामाजिक विकास केन्द्र अर्घाखाँची विच भएको सम्झौता बमोजिम अध्ययन गरी सो केन्द्रले आजको बैठकमा अन्तिम प्रतिवेदन प्रस्तुती गरेको छ । उक्त केन्द्रले पेश गरेका प्रतिवेदनहरु अध्ययन, विश्लेषण तथा पुनरावलोकन गर्ने प्रयोजनका लागि संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ बमोजिम गठीत प्राविधिक समितिबाट निम्न खोलाहरुको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनहरु स्वीकृतीको लागि सिफारिस भई आएकोले उक्त प्राविधिक समितिको सिफारिस तथा प्रस्तुती र छलफल समेतका आधारमा प्रतिवेदनमा उल्लेख भएबमोजिमका शर्त समेत पालना गर्ने गरी कार्य गर्न तपशिल बमोजिमका खोलाहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| **क.सं.** | **नदी खोलाको नाम/स्थान** |
|---|---|
| १. | सिलिङ्ग खोला शिनपा ८ र ९ :- सिलिङ्ग खोला राप्ती दोभान देखि तिनखण्डे हुदै कात्तिके सम्म |
| २. | सुकवेल खोला शिनपा ११ :- सुकवेल खोला शिनपा क्षेत्र |
| ३. | बहवेल गन्धैला खोला शिनपा ११ :- बहवेल र गन्धैला खोला शिनपा क्षेत्र |
| ४. | सुरई गनेरी खोला शिनपा ११ :- सुरही गनेरी खोला शिनपा क्षेत्र |
| ५. | चोर खोला शिनपा ११ :- चोर खोला शिनपा क्षेत्र |
| ६. | मुसियान खोला शिनपा १३ :- मुसियान खोला शिनपा क्षेत्र |

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम आवश्यक प्रकृया पुर्‍याई परिच्छेद तीन बमोजिमको मुल्याङ्कन समितिबाट समेत सिफारिस भई कार्यपालिका समक्ष पेश हुन आएको संचालक शितगंगा नगरपालिका वडा नं. ८ निवासी श्री रमेश खड्का र राजन श्रेष्ठ रहेको ईश्वर निर्माण एण्ड सप्लायर्स शितगंगा नगरपालिका वडा नं. ८ अर्घाखाँचीलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा लुम्बिनी प्रदेश योजना आयोगको सचिवालयको मिति २०८०/११/८ को सूचना बमोजिम विशेष अनुदान तर्फका योजना प्रस्ताव गर्न भनि मिति २०८०/११/१४ गते प्रस्ताव पेश गर्ने अन्तिम मिति तोकिएकोमा यस नगरपालिकाको तर्फबाट चालु आ.व.मा कार्यान्वयन हुने गरी शान्ती आ.वि.छहरे शिनपा ९ चार कोठे पक्की भवन निर्माण योजना विशेष अनुदानमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३५२ मिति २०८०/११/०६ को पत्रसाथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र संलग्न राखी निर्णय कार्यान्वयनको लागि भनि लेखि आएको पत्र आजको बैठकमा छलफल भयो । प्राप्त निर्णयलाई मध्यनजर गर्दै उक्त निर्णयको सवैले पालन गरी सोही बमोजिम गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा राष्ट्रिय गौरव आयोजना गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सुदृढिकरण आयोजना आयोजना कार्यान्वयन ईकाइ भैरहवाको च.नं. २१२ मिति २०८०/११/३ गतेको पत्रबाट आयोजना अन्तर्गत निर्माणाधिन Rehabilitation of Parallel Taxiway, Apron along with construction of Road, Bridge and other associated works at Bhairahawa, Rupandehi को लागि आवश्यक नदीजन्य निर्माण सामग्री मध्ये तहाँ पालिका भित्रको खोरमोर खोला र बाणगंगा खोलाबाट १४००० घ.मी. नदीजन्य सामग्री निर्माण कम्पनी ASHISH-KSHEMADEVI-BUDDHA HIMALI J/V लाई उपलब्ध गराई दिन भनि सिफारिस भइ आएको छ ।

चालु आ.व.मा यस नगरपालिकाको वडा नं. १४ मा पर्ने खोरमोर खोला र वाणगंगा खोला जरिकुना क्षेत्रबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट उत्खनन् संकलन विकी गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण भई जिल्ला अनुगमन समितिबाट अनुगमन गराई राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट सहमती प्राप्त भएको अवस्था छ । राष्ट्रिय गौरव आयोजना गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सुदृढिकरण आयोजनाले नदीजन्य पदार्थ उपलब्ध गराई दिन भनि लेखेको पत्र तथा पेश भएको सम्झौता

आजको बैठकमा पेश भई छलफल भयो । नेपाल सरकारको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ को दफा १२ बमोजिम चालु आ.व.को लागि नदीजन्य पदार्थको प्रदेशले तोकेको राजश्व प्रति क्यूफिट रु ८ का दरले (मुअकर र अग्रीम आयकर वाहेक) रकम लिई गौरवको आयोजना कार्यान्वयन गर्ने निर्माण व्यवसायी ASHISH-KSHEMADEVI-BUDDHA HIMALI J/V लाई चुरेबाट प्राप्त सहमती अनुसारकै वडा नं. १४ को बाणगंगा खोला जरिकुना क्षेत्रबाट १०४९४ घ.मी. र खोरमोर खोलाबाट ३४६५ घ.मी गरी जम्मा १३९५९ घ.मी. तोकिएको दरमा राजश्व लिई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको अधिकार क्षेत्र भित्रका आईइइ भई जिल्ला अनुगमन समितिबाट अनुगमन गरी राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको च.नं. २०४ मिति २०८०/१०/२२ को पत्रबाट सहमती प्राप्त भएका निर्णय नं. ५ मा गौरवको आयोजनालाई दिईए बाहेकका सवै खोलाहरुको नियमानुसार सूचना प्रकाशन गरी ठेक्का व्यवस्थापन गर्ने । ठेक्का व्यवस्थापन गर्दा आईइइ प्रतिवेदन, राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिबाट दिएको सहमती समेतका आधारमा ठेक्का प्रतिस्पर्धा हुने गरी व्यवस्थापन गर्न सहज हुने गरी निम्न अनुसार ठेक्का अङ्क कायम गरी तपशिल बमोजिमका शर्त उल्लेख गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**तपशिल**

| ठेक्का कायम गरी ठेक्का व्यवस्थापन गर्ने नदी खोलको नाम | न्यूनतम कायम रकम |
|---|---|
| खयरभट्टी खोला दुमई घाट देखि मौवाबारी खयरभट्टी वनकसबास जाने बाटो सम्म | १७७०००० |
| खयरभट्टी खोला ठूलोकुलो बाध देखि राता पहरा सम्म | १२६०००० |
| रनसिंङ खोला तिनखण्डे पुच्छारको क्षेत्र र खा.पा. आयोजनाको ५०० मि माथिको क्षेत्र | ८७०००० |
| पाकुरीखोला सेरा देविका थान झोलुङ्गेपुल देखि सर्वङ्ग पुच्छार क्षेत्र | ४७०००० |
| सितखोला खैरेनी दमारवेसी क्षेत्र | ८४०००० |
| झिमरुक खोला दोभान क्षेत्र र वंसागर देखि आटीका फाँट सम्मको क्षेत्र | ६५०००० |
| सितखोला देभान देखि पश्चिम क्षेत्र | १८२०००० |
| राप्ती नदी गढवा गापा, राप्ती गापा सिमाना क्षेत्र | २८८०००० |
| राप्ती नदी पल्टेडाँडा उत्तर तर्फको क्षेत्र | ३६००००० |
| रनंसिंङ खोला वेलदमार पुच्छार देखि खारघाट गाउँको पुच्छार सम्मको क्षेत्र | २५२०००० |
| रनसिंङ खोला रागाकाटे देखि केरावारी सम्मको क्षेत्र | २६७०००० |
| गुड्रुङ्ग खोला फायरिङ्ग क्षेत्र देखि तिरतिरे भन्दा माथिको क्षेत्र | २२४०००० |
| कोन्द्रे खोला क्षेत्र | २३४०००० |

शर्तहरु

१. संघीय सरकार, प्रदेश सरकार, जिल्ला अनुगमन समिति र नगरपालिकाले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

२. ठेकेदारबाट कुनै सर्त राखिएको र रित नपुगेको दरभाउपत्र माथि कुनै कारवाहि गरिने छैन । ठेकेदार र नगरपालिका कार्यालय विच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा नगरपालिकाको निर्णय अन्तिम तथा मान्य हुनेछ, यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन । बोलपत्र/दरभाउपत्र स्वीकृत भई सम्झौता हुँदा ऐन नियम अनुसार सर्त तथा बन्देजहरु समेत राखिनेछ ।

३. प्राकृतिक स्रोतको मुल्य तराई क्षेत्र संग सिमाना जोडिएको क्षेत्रमा प्रती क्यू फिट ८।- र पहाडि क्षेत्रको लागि प्रति क्यू फिट रु ६।- का दरले राजश्व असुल गर्नुपर्नेछ । बोलपत्र/दरभाउपत्रमा उल्लेखित न्यूनतम ठेक्का अङकमा मूल्य अभिवृद्धि कर समावेश नभएकोले ठेकेदारले रोयल्टी असुल गर्दा तोकिएवमोजिम मूल्य अभिवृद्धि कर थप गरी रोयल्टी असुल गर्नु पर्नेछ । बोलपत्र /दरभाउपत्रमा उल्लेखित रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

४. बोलपत्र/दरभाउपत्र स्वीकृत भएपश्चात सूचना पाएको वा पत्रिकामा प्रकाशित भएको मितिले ७ दिन भित्र ठेक्का अंकको पुरै रकम, अग्रीम आयकर र मु.अ.कर एकमुष्ठ ठेक्का सम्झौताको वखत जम्मा गर्नु पर्नेछ । यदि कवोल रकम पुरै जम्मा गर्न नसके कवोल अङकको ५०%, अग्रीम आयकर र मु.अ.कर बुझाई वाकि रकम बरावरको नेपाल राष्ट्र बैंकंबाट मान्यता प्राप्त बैंकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्ने छ । वाकी रकम कुल संझौताको समयावधिको आधा अवधि भित्र सम्झौतामा उल्लेख हुने समयमा बुझाउनु पर्नेछ । तोकिएको समयमा किस्ता नबुझाएमा बैंक जमानतबाट असुल गरिने छ ।

५. ठेकेदारले नदीजन्य पदार्थ बिक्री गर्दा घरायसी कामकाज र उपभोक्ता समिति मार्फत निर्माण गरिने कार्यहरुमा प्राथमिकता दिई उपलव्ध गराउनु पर्नेछ । कुनै आयोजना वा संस्थाले मात्र पाउने गरी बिक्री गर्न पाउने छैन ।

६. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकेको रोयल्टी शुल्क उठाउदा प्रयोग गर्ने सिलसिलेवर नम्बर भएका रसिदहरु आफ्नो तर्फबाट ३ प्रतिका दरले छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ । रोयल्टी असुल गर्दा समय उल्लेख नगरी रसिद काटेमा, प्रमाणीत नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा, नक्कली रसिद, छाप र दस्तखत प्रयोग गरेको, संकलन गर्नु पुर्व लगाईएको रेखाङकन नष्ट गरेको, तोकिएको मापदण्ड भन्दा गहिरो हुनेगरी उत्खनन् गरेको पईएमा पहिलो पटक रु.२००००।- पुन: दोहोरीएमा रु.४०००० जरिवाना र पटकै पिच्छे दोहोरिएमा जमानत जफत गरी ठेक्का तोडन सकिने छ ।

७. प्राकृतीक श्रोत शुल्क (रोयल्टी) तोकिएको स्थानबाट मात्रै असुली गर्नु पर्नेछ । राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढाट राखि वा अन्य कुनै प्रकारको अवरोध खडा गरि कर लिन पाइने छैन साथै संकलन, उत्खनन् गरिने क्षेत्र, परिमाण, विधि, समयावधि र दर रेट सहितको होडिंग बोर्ड आयोजना स्थलमा राख्नु पर्नेछ ।

८. ठेक्का स्वीकृत भई संझौता पश्चात नेपाल सरकार वा अदालतको निर्णयले ठेक्कामा वाधा उत्पन्न भएको अवस्थामा बाहेक अन्य कुनै पनि बन्द, हडताल जस्ता मानव सृजित कारणबाट सृजना हुने बन्दको अवस्थामा माफी मिनाहाको दावा गर्न पाईने छैन ।

९. बिक्री भएको परिमाणको विवरण खुल्नेगरि प्रत्येक १५ दिनमा नगरपालिकावाट तोकिएको ढाँचामा यस कार्यालयमा बिक्री सम्बन्धी विवरण पेश गर्नु पर्नेछ ।

१०. तोकिएको स्थान बाहेक अन्य स्थानबाट वालुवा गिट्टी, ढुंगा, मिस्कट निकाल्न पाइने छैन । संकलन गर्ने कार्य कामदारबाट घरेलु उपकरणको प्रयोग गरि गराउनु पर्नेछ । घाट क्षेत्रमा फोहोर मैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ ।

११. घाटहरुमा बिक्री हुने वालुवा गिट्टी, ढुंगा, मिस्कटको परिमाण उल्लेख भएको नगदि रसिद प्रयोग गरी ढुवानी प्रवन्ध मिलाउनु पर्नेछ । वालुवा गिट्टी, ढुंगा, मिस्कट निकाशि गर्ने चलन चल्तीको बाटो बाहेक नया बाटो खोल्न पाईने छैन । बाटो मर्मतको व्यवस्था ठेकेदार स्वयम आफैले गर्नुपर्ने छ । खर्चको दावि गर्न पाईने छैन ।

१२. बस्ती क्षेत्रमा हर्न वजाउन साथै हावा चलेको, बाढी आएको समयमा उत्खनन्, संकलन गर्न पाईने छैन साथै स्थानीय मजदुरलाई प्राथमिकता दिई कार्यमा लगाउनुपर्ने छ । कामदारको लागी प्राथमिक उपचार र माक्सको व्यवस्था मिलाउनु पर्ने छ ।

१३. खोला/नदीको घाट वा आकृति विग्रनेगरि नदी किनारमा प्राकृतिक तवरले रहेका ढुंगा तोड फोड गर्न पाईने छैन । तोकिएको अवधि सम्म तोकिएको परिणाम बिक्री हुन नसकेपनि सो को जिम्मेवार स्वयम व्यवसायि हुनुपर्नेछ । कवोल गरेको रकममा छुट दावा गर्न पाईने छैन ।

१४. ठेक्का समाप्त भएपछि आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ता प्रमाणपत्र पेश गरेपछि मात्र धरौटि रकम फिर्ता दिईने छ ।

१५. ठेकेदारले ढुङगा, गिट्टी, वालुवा, ग्रावेल संकलन/उत्खनन् कार्य गर्दा गराउदा सम्बन्धित खोला/नदीको स्वीकृत (IEE) मा उल्लेखित शर्तहरुको पुर्ण पालना गर्नु पर्नेछ । (IEE) सर्त पालना गर्दा वातावरणीय नकारात्मक प्रभाव न्यूनिकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले बेहोर्नु पर्नेछ । नेपाल सरकारबाट बन्देज लगाईएको अवधिमा खोलाबट नदीजन्य पदार्थ झिक्न पाईने छैन् ।

१६. खोला/नदीमा बाढी आएको बेला संकलन गर्न पाईनेछैन । साथै संकलन तथा ढुवानी कार्यमा स्थानीय मजदुरलाई प्राथमिकता दिई कार्य गराउनु पर्नेछ ।

१७. नदिजन्य पदार्थ संकलन तथा उत्खनन्को लागि तोकिएको स्थानबाट तोकिएको परिमाण बराबरको नदिजन्य पदार्थ निकाशि भएको भनी प्राविधिकबाट नापजाँच गरी प्रतिवेदन पेश हुन आएमा वा नगदि रसिदको आधारमा तोकिएको परिमाण निकासी भएको पाइएमा जुनसुकै समयमा पनि ठेक्का समाप्त गर्न सकिने छ ।

१८. ढुङगा, गिट्टी,वालुवा, मिस्कटको उत्खनन्, संकलन तथा ढुवानी गर्दा गराउँदा जिल्ला अनुगमन तथा समन्वय समिति लगायतका निकायबाट हुने रेखदेख, नियन्त्रण, नियमन, सम्पर्क, समन्वय, सहयोग सम्बन्धमा संघीय र प्रदेश सरकारको निर्णय मुताविकका प्राबधानको पालना गर्नु पर्नेछ ।

१९. बोलपत्र/दरभाउपत्र खरिदको लागि आफ्नो व्यावसाय संग सम्बन्धित प्रमाण पत्र, मु अ कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रहरुको फोटोकपि संलग्न राखि निवेदन पेश गर्नु पर्नेछ ।

२०. यो सूचनामा उल्लेख भएका शर्तहरु यस वमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा मगर समुदायको बाहुल्यता रहेको यस नगरपालिकामा चालु आ.व.को नीति तथा कार्यक्रम कार्यान्वयनका सन्दर्भमा मिति २०८० साल फागुन १५ गते पर्न गएको ४२ औं राष्ट्रिय मगर एकता दिवसको उपलक्ष्यमा मगर दिवस हर्सोल्लासका साथ मनाउन नगरपालिकाको मातहतका सपूर्ण कार्यालयहरु, शिक्षण संस्था, स्वास्थ्य संस्था र अन्य संघ संस्थाहरुमा सार्वजनिक विदा दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल महिला शान्ति र सुरक्षा सम्बन्धी तथा मानव अधिकार सम्बन्धी तपशिल बमोजिमका समितिहरु गठन गर्ने निर्णय गरियो ।

(क) महिला शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना को १२.५ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा कार्ययोजना कार्यान्वयनका लागि नगर प्रमुखको संयोजकत्वमा तपशिल अनुसारको **दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन स्थानीय समिति** गठन गर्ने ।

संयोजक :- नगर प्रमुख
सदस्य :- नगर उप- प्रमुख
सदस्य :- प्रमुख प्रशासकीय अधिकृत
सदस्य :- सामाजिक विकास समिति संयोजक
सदस्य :- शिक्षा शाखा प्रमुख
सदस्य :- स्वास्थ्य शाखा प्रमुख
सदस्य :- स्थानीय प्रहरी प्रमुख
सदस्य :- केदार वेल्वासे शिनपा ४ (नागरिक समाज अध्यक्ष)
सदस्य सचिव :- महिला तथा बालबालिका शाखा प्रमुख

(ख) मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना को ४.२.४ मा व्यवस्था भएबमोजिम कार्ययोजना कार्यान्वयनको सुनिश्चितताको लागि **मानव अधिकार राष्ट्रिय कार्ययोजना स्थानीय समन्वय समिति** नगर प्रमुखको संयोजकत्वमा निम्न अनुसार गठन गर्ने ।

संयोजक :- नगर प्रमुख
सदस्य :- नगर उप- प्रमुख
सदस्य :- वडा अध्यक्षहरु
सदस्य :- सम्बन्धित विषय हेर्ने अधिकृतहरु
सदस्य :- मोती बहादुर वेल्वासे शिनपा ४
सदस्य :- मणिराम अधिकारी शिनपा ६
सदस्य :- शिवकला वि.क. शिनपा ४
सदस्य :- स्थानीय तहमा रहेको सुरक्षा निकायको कार्यालयको प्रमुख
सदस्य सचिव :- प्रमुख प्रशासकीय अधिकृत स्थानीय तह

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

(क) मिति २०८०/९/२० गतेको कार्यपालिकाको निर्णय नं ११ मा यसै नगरपालिकाको वडा नं ११ टिकरी निवासी ओम कला पेग्नी मगरले सोही स्थानमा रहेको कि. नं. ६८ मा रहेको जग्गा सम्याउने र सम्याउँदा निस्कने माटो निकासी गर्ने अनुमति पाउँ भनि दिएको निवेदन उपर छलफल हुँदा संधियारहरुको सहमतिमा माटो निकासी गर्न नियमानुसारको रोयल्टी वुझाई निकासी गरी लैजानको लागी अनुमति दिने भन्ने

लेखिएकोमा निजको लालपुर्जामा नाम भोमकला ठेडी मगर रहेकोले उक्त नामको भुल सुधार गरी सच्याई पूर्व निर्णय अनुसार अनुमती दिने ।

(ख) यस नगरपालिकाको वडा नं ११ टिकरी निवासी सरस्वती भुसाल र हरिकला भुसालले सोही स्थानमा दुवै जनाको नाममा रहेको कि.नं. २४ को जग्गा सम्याई गह्रा सुधार गर्ने र गह्रा सुधार गर्दा निस्कने ढुङ्गा नियमानुसारको राजश्व बुझाई बिकी निकासीको लागि अनुमती पाउँ भनि निवेदन दिएकोले माग अनुसार उल्लेखित कित्तामा २० रोपनी भन्दा बढी नहुने गरी गह्रा सुधार गर्न र गह्रा सुधार गर्दा निस्कने ढुङ्गा यस कार्यालयबाट नाँपजाँच गरी नियमानुसारको राजश्व बुझाई बिकी निकासीको लागि अनुमती दिने ।

(ग) नगर कार्यपालिकाको मिति २०७४/१०/२८ गतेको निर्णयबाट कर्मचारीलाई दिईदै आएको संचार सुविधा, मिति २०७९/३/३२ को कार्यपालिका बैठकबाट वडाहरुलाई वार्षिक रुपमा दिने संचालन खर्च र मिति २०७९/९/२६ को कार्यपालिका बैठकबाट गठन भएको अनुगमन समिति र अनुगमन सम्बन्धी निर्णयलाई अर्को निर्णय नभए सम्मको लागि निरन्तरता दिने ।

(घ) शितगंगा नगरपालिका वडा नं १४ को प्रभाकर मा.वि.ले सभाहल निर्माण, कम्पाउण्डवाल र प्रोजेक्टरको माध्यमबाट कक्षा संचालन समेतको व्यवस्था गर्न आवश्यक वजेट विनियोजनको लागि सम्बन्धित निकायमा सिफारिस गरि दिन भनि माग भई आएकोले उक्त अनुसार सिफारिस गरि दिने ।

(ङ) चालु आ.व.का योजना कार्यान्वयनको लागि उपभोक्ता समितिसँग सम्झौता भएका योजनाहरु मध्ये कतिपय योजनाहरु कार्यान्वयन सुरु नहुदै त कतिपय योजनाहरु कार्यान्वयनका क्रममा विभिन्न समस्या आई सम्झौता गर्दा पेश भएको लागत अनुमान अनुसारको कार्य गर्न नसकिने वा केही कार्य परिर्वतन गर्नु पर्ने भनि लागत अनुमान परिर्वतन गरी पाउँ भनि निवेदन आएको अवस्था छ । सो सम्बन्धमा सकेसम्म सम्झौता बमोजमको लागत अनुमान अनुसारको कार्य गर्ने यदी ल.ई संसोधन नगरी नहुने अवस्था भएमा प्राविधिक कर्मचारीको स्पष्ट राय लिई ल.ई परिर्वतन गरी योजना कार्यान्वयनको लागि कार्यालयलाई निर्देश गर्ने ।

(च) यस नगरपालिकामा रहेको एक मात्र ज्योति भविश्वर बहुमुखी क्याम्पस भवन निर्मा० सुरु भएता पनि रकम अभावका कारण तेस्रो तल्ला सम्म ढलान भई अधुरो रकेको र शौचालय समेत नभएकोले उक्त भवनबाट हाल सम्म पठन पाठन संचालन गर्न नसकिएको अवस्था छ । यसै सन्दर्भमा अधुरो भवन सम्पन्न गर्न लाग्ने करिव रु ६८,५०,०००।- वजेट विनियोजनको लागि अर्थ मन्त्रालय लुम्बिनी प्रदेशमा सिफारिस गरि दिन भन्ने समेतको व्यहोरा उल्लेख गरी माग भई आएकोले उक्त अनुसार अधुरो भवन निर्माणको लागि वजेट विनियोजन हुन सिफारिस गरि दिने ।

(छ) यस नगरपालिकाको वडा नं ९ लौरीमा रहेको शंकर ज्योति आ.वि. ले कक्षा थपको लागि अनुमती पाउँ भनि निवेदन सहित आवश्यक कागाजत पेश गरेकोमा नियमानुसार स्थलगत अध्ययन गरी आगामी बैठकमा पेश गर्ने ।

(झ) यस नगरपालिका क्षेत्रमा भुमी आयोगले कार्य संचालन गरिरहेकोमा उक्त आयोगको कार्य एक जना अमिनबाट भईरहेको अवस्थामा समयमा कार्य सम्पादन गर्न कठिनाई भएकोले भुमी आयोगको समेत कार्य गर्न यस नगरपालिकाका अमीन गोकर्ण जैसीलाई खटाउने ।

(ञ) यस नगरपालिका भौगोलिक रुपमा ठूलो र विकट भएकोले नगरपालिका तथा वडाबाट प्रदान गरिने सेवा गाउँघरबाटै जनतालाई उपलब्ध गराउने गरी हाल तपशिलको वडामा निम्न मितिमा एक दिने घुम्ती सेवा संचालन गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.नं. | घुम्ती सेवा वा अन्य सेवा संचालन गर्ने स्थान | मिति | समय | उपलब्ध गराइने सवाहरु |
|---|---|---|---|---|
| १ | वडा नं ६ को शिवादहमा (वडा नं ६, ७ लक्षित गरी) एकिकृत घुम्ती सेवा संचालन | २०८०/११/२१ | विहान १० वजे देखि साझ ४ वजे सम्म | अपाङ्ग परिचय पत्र, जेष्ठ नगरिक परिचय पत्र वितराण, योजना सम्झौता तथा भुक्तानी कागजात पेश, स्वास्थ्य सेवा विरामी चेक जाच लगायत, कृषि तथा पशु सेवा |
| २ | वडा नं. ८ वडा कार्यालय लाहापे (वडा नं. ८ र ९ लक्षित गरी) एकिकृत घुम्ती सेवा संचालन | २०८०/११/२२ | | |
| ३ | वडा नं. १० वडा कार्यालय हर्रे (वडा नं. ९, १० र ११ लक्षित गरी) एकिकृत घुम्ती सेवा संचालन | २०८०/११/२३ | | |

अन्य वडाहरुमा घुम्ती सेवा संचालनको मिति अर्को बैठकबाटा तोकी संचालन गर्ने

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन गरियो ।